## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ६ (गोदावरी) संख्या : ५७ मिति : २०७९/०३/१४

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर सभाबाट पारित मिति :२०७९/०३/१०**

**प्रमाणीकरण मिति :२०७९/०३/१३**

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गोदावरी नगरपालिकाको आठौं नगरसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ ।

२) यो ऐन गोदावरी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "ऐन" भन्नाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

ख)   "कार्यपालिका" भन्नाले गोदावरी नगर कार्यपालिका सम्झनु पर्छ ।

ग)   "नगरपालिका" भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्छ ।

घ)   "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

ङ)   "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गोदावरी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही गोदावरी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले**

**बसन्त कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति :** २०७९/०३/१४ गते

गोदावरी नगरपालिका